आज मिति २०८२/०३/३० गते यस निस्दी गाउँपालिकाको ८८ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी १७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री सोभा कुमारी फाल

२०. कर्मचारी श्री बिमला आचार्य

२१. ,, श्री सुशिला [illegible]

२२. ,, श्री मेख ब. लामिछाने

२३. ,, श्री लाल ब. [illegible]

**मिति २०८२। ०३।३० गते बिहान ८ बजे बसेको निस्दी गाउँपालिकाको ८८ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु**

१ . रिपोटिङ्ग सम्वन्धमा ।

२. जग्गाको न्यूनतम् मूल्यांकन पुनरावलोकन सम्वन्धमा ।

३. लेन्थ मेन दैनिक ज्यालदारीमा राख्ने सम्वन्धमा ।

४. सडक बत्ती महशुल सम्वन्धमा ।

५. वडा कार्यालय लाई पेट्रोल तथा मोटर साईकल मर्मत खर्च सम्वन्धमा ।

६. वडा सचिवको जिम्मेवारी दिने सम्वन्धमा ।

२०८२।३।३०

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर शाह
अध्यक्ष

**मिति २०८२। ०३।३० गते  बजे बसेको  निस्दी गाउँपालिकाको ८८ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१.प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको जग्गाको न्यूनतम् मुल्यांकन संसोधनको लागी मिति २०७८२/०३/२९ को राजश्व परामर्श समितिको निर्णय सहितको प्रतिवेदन लाई सर्वसम्मत अनुमोदन गरी प्रतिवेदन सम्वन्धीत कार्यालयमा पठाउन गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरीयो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको मोटरबाटो मर्मत तथा यातायात नियमित गराउन आ.व २०८२/०८३ को  श्रावण,भाद्र तथा असोज महिनाको लागी वडा कार्यालयको प्राविधिक, वडा सचिव र वडा समितिको रेखदेखमा  काम गर्ने गरी देहाय अनुसार लेन्थ मेन राख्ने निर्णय गरियो ।

देहाय

| क्र स | वडाको नाम | लेन्थ मेन संख्या | योग्यता |
|---|---|---|---|
| १ | वाकामलाङ | १० | बढिमा ३५ दिन दैनिक ज्यालादारीमा प्रति दिन रु ६०० का दरले काम गर्न सक्ने , वडाले ७ दिनको सूचना प्रकाशन गरी दरखास्त संकलन गरी गाउँपालिकामा पेश गर्ने , गा पा ले अन्तरवार्ता मार्फत छनौट गर्ने , १८ बर्ष नाघेको ५९ बर्ष ननाघेको नेपाली नागरीक, दरखास्त दस्तुर रु १०० |
| २ | सहलकोट | ९ | |
| ३ | झिरुवास | १० | |
| ४ | मित्याल | ११ | |
| ५ | गल्धा | १० | |
| ६ | अर्चले | १० | |
| ७ | ज्यामिरे | १० | |
| | जम्मा | ७० जना | |

२०८२।३।३०
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाबाट उज्यालो निस्दी कार्यक्रम अन्तरगत जोडिएको बत्तिको महशुल सम्वन्धित वडाको सम्वन्धित टोललाई जिम्मा दिने र वस्ती नभएको ठाउँमा जडान भएको बत्तिको हकमा सम्वन्धित वडा कार्यालय लाई जिम्मा दिने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा आ.व २०८२/०८३ मा निस्दी गाउँपालिका अन्तरगतका ७ वटै वडा कार्यालय लाई मासिक २५ लिटर पेट्रोल तथा मोटर साईकल मर्मत बर्षिक १५ हजार प्रदान गर्ने निर्णय गरियो । आयोजना अनुगमन ,मूल्यांकन गर्न चाप हुने २ महिना बैसाख र जेष्ठमा थप ५ लिटर प्रदान गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं २ सहलकोटमा वडा सचिवको जिम्मा पशु प्राविधिक श्री ललिता के.सी र वडा नं ७ ज्यामिरेको वडा सचिवको जिम्मा कृषि प्राविधिक श्री सुरेन्द्र रावल लाई जिम्मा दिने निर्णय गरियो ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

२०८२।३।३०
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष